# लेखनाथका प्रमुख कविता



सम्पादन
डा. वासुदेव त्रिपाठी

त्रि. वि. मा. सा. शा. सं. अन्तर्गत स्नातक तहको द्वितीय पत्रको ऐच्छिक अध्ययन 'ख' खण्डका लागि निर्धारित नेपाली पाठ्यक्रमअनुसार

---

# लेखनाथका प्रमुख कविता


सम्पादन

डा. वासुदेव त्रिपाठी



साझा प्रकाशन

प्रकाशक : साझा प्रकाशन
संस्करण : पहिलो, २०४६
दोस्रो, २०४९
तेस्रो, २०६३ (११०० प्रति)
आवरणकला : टेकवीर मुखिया
मूल्य : रु. ३५।–
मुद्रक : साझा प्रकाशनको छापाखाना, पुलचोक ललितपुर
फोन : ५५२१०२३, फ्याक्स : ५५४४२३६
ISBN : 99933-2-488-4

# मन्तव्य

त्रिभुवन विश्वविद्यालयको मानविकी र सामाजिक शास्त्र सङ्काय-अन्तर्गतको ऐच्छिक नेपाली विषयको प्रवीणता प्रमाणपत्र/स्नातक/स्नातकोत्तर तहको पाठ्यक्रमको आवश्यक संशोधनका क्रममा सम्बन्धित नेपाली विषय समितिले कतिपय पाठ्यसामग्रीमा विशेष सुधार ल्याई तिनलाई अद्यावधिक एवं सान्दर्भिक तुल्याउनु आवश्यक ठहऱ्याई पाठ्यसामग्री विकास परियोजनाको तर्जुमा २०४५ सालमा गरेको थियो । सोही परियोजनाका कार्यान्वयनका क्रममा प्रथम चरणमा नेपाली साहित्यका विविध फुटकर विधा (कविता, कथा, एकाङ्की, निबन्ध एवं समालोचना) का तहगत शैक्षिक आवश्यकतालाई दृष्टिगत गरी विधागत पाठ्यसङ्कलनहरू सम्पादन गर्ने र दोस्रो चरणमा साहित्यसिद्धान्त, भाषाविज्ञान र नेपाली साहित्यको इतिहासलगायत अन्य अपेक्षित पाठ्यसामग्रीको तयारी गर्ने निधो गरियो । उक्त प्रथम चरणअन्तर्गत सम्पादित प्रस्तुत ग्रन्थ **लेखनाथका प्रमुख कविता** स्नातक तहको द्वितीय पत्रको खण्ड 'ख' को विशिष्ट अध्ययनको पाठ्यसामग्रीका रूपमा स्वीकृत पाठहरूको सङ्कलन हो । यसका सम्पादनका क्रममा विषय समितिद्वारा निर्धारित आधारहरूको अवलम्बन गरी स्नातक तहमा पढाउनका निम्ति लेखनाथका प्रमुख कविताहरू सङ्कलित गरिएका छन् ।

यो ग्रन्थ लेखनाथका प्रमुख कविताको सङ्कलनतर्फको एक अर्को प्रयास हुँदै हो तर सम्बन्धित शैक्षिक तहका पाठघण्टा र पाठ्यस्तरका परिधिमा रही सोही शैक्षिक प्रयोजनअनुरूप यहाँ लेखकविशेष र कृतिविशेषको

चयन गरिएको छ। यस चयनमा सम्बन्धित विधाका प्रमुख युग र धारा एवं तिनका प्रमुख स्रष्टाका शैक्षिक तहगत रूपमा उपयुक्त हुन सक्ने कृतिहरूको समावेश हुनु स्वाभाविकै हो। शैक्षिक क्षेत्रमा प्रयुक्त हुने यस प्रकारका सङ्कलनहरू आफ्ना शैक्षिक तहगत शृङ्खलामा आबद्ध र आधारित रहने तथ्य छँदै छ।

नेपाली विषय समितिको उक्त परियोजनाअन्तर्गतको यस ग्रन्थको प्रकाशनको चाँजोपाँजोलगायत सम्पूर्ण अभिभारा वहन गर्ने साझा प्रकाशनप्रति पनि त्रि.वि. मानविकी र सामाजिक शास्त्र सङ्कायको नेपाली विषय समितिका तर्फबाट आभार व्यक्त गर्दछु।

२०४५ चैत्र १७ गते

डा. वासुदेव त्रिपाठी
अध्यक्ष
नेपाली विषय समिति
नेपाली केन्द्रीय शिक्षण विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाडौं।

# विषयसूची


| | | |
|---|---|---|
| कविशिरोमणि लेखनाथ पौड्यालको कवितायात्रा : एक चर्चा | | क |
| १. | कविकवितालाप | १ |
| २. | नैतिक दृष्टान्त | ७ |
| ३. | वसन्त कोकिल | १० |
| ४. | जीवन-चङ्गा | १२ |
| ५. | गौँथलीको चिरिबिरी (१) | १५ |
| ६. | सत्य सन्देशहरू | १९ |
| ७. | विज्ञानको मोह | २१ |
| ८. | पतित-पावनी श्री गङ्गाजीको झाँकी | २३ |
| ९. | वंशीधरको दिव्य वंशी | २४ |
| १०. | युगवाणी | २५ |
| ११. | वर्षा | २८ |
| १२. | सरस्वती स्मृति | २९ |
| १३. | साहित्यको फुटबल | ३१ |
| १४. | हाम्रो इन्द्रेनी | ३२ |
| १५. | पूर्वस्मृति | ३४ |
| १६. | आखिरी कविता | ३६ |

# कविशिरोमणि लेखनाथ पौड्यालको कवितायात्रा : एक चर्चा

कविशिरोमणि लेखनाथ पौड्याल (वि.सं. १९४१–२०२२) ले बाल्यकालमा आफ्नो जन्मस्थल कास्की जिल्लाको पोखरा उपत्यकाको अर्घौं अर्चले गाउँमा नै कविताको उद्बोधन प्राप्त गरे तापनि खास गरी काठमाडौँको रानीपोखरी संस्कृत छात्रावास (तीनधारा पाठशाला) मा रही संस्कृत मध्यमाको अध्ययन गरिरहेका बखत नै उनको कविताअभ्यास विशेष तीव्र भएको बुझिन्छ । उनको यो कविताअभ्यास तात्कालिक शैक्षिक परिप्रेक्ष्यअनुरूप संस्कृत र नेपाली दुवै भाषाका माध्यमबाट थालिएको थियो भने उनले अध्ययन गर्ने गरेको रानीपोखरी पाठशालाको वर्णन गर्ने संस्कृत समस्यापूर्ति 'पाठशाला विशाला' सुरक्षित रूपमा उपलब्ध पनि छ र उनका प्राथमिक कविता-आराधनाका परिचायक दुई नेपाली कविता 'कविताकल्पद्रुम' (सन् १९०५ : वि.सं. १९६१–६२) मा प्रकाशित भएको पाइन्छ । 'शृङ्गारपच्चीसी' र 'मानसाकर्षिणी' शीर्षकका यी दुई कविता नै उनका प्रकाशित प्राथमिक नेपाली कविताहरू हुन् । नेपाली लेख्य व्याकरणको निर्धारण नभइसकेको, शृङ्गाररसतर्फ नेपाली कविताको विशेष चाख देखा परेको र परम्परागत वर्णमात्रिक छन्दमा शब्दालङ्कार र अर्थालङ्कारको सजधजतर्फ विशेष उत्सुकता प्रकट भएको नेपाली कविताको उत्तरमाध्यमिक कालको कविता-परिवेशका उपजका रूपमा लेखनाथका उपर्युक्त दुई कविता देखा पर्छन् । समकालीन कविता-परिवेशका उपज हुँदाहुँदै पनि यी दुई कवितामा लेखनाथको उर्वर

प्रतिभाको मिर्मिरे रन्कोचाहिँ सुनिन्छ नै । यसरी २०–२१ वर्षका उमेरमा 'कविताकल्पद्रुम' का माध्यमबाट लेखनाथको जुन कवितायात्रा थालियो त्यो उनको शेष जीवनकालभर अक्षुण्ण र गतिशील रह्यो । उनको ८२ वर्षे जीवनकालमध्ये लगभग ६० वर्षको अवधि नेपाली कविताको साधनामा समर्पित रह्यो । यतिको लामो समयावधिअन्तर्गत युवावस्थाका 'कविताकल्पद्रुम' (वि.सं. १९६१–६२) का उपर्युक्त दुई शृङ्गारिक कवितादेखि बुढ्यौलीमा मृत्युसम्ममा लेखिएको 'आखिरी कविता' (२०२२) सम्मको ६० वर्षभन्दा बढी अवधिको कवितायात्रा कविशिरोमणि लेखनाथले गरेको पाइन्छ ।

युवा लेखनाथ पौड्यालका कविताहरू **सुन्दरी** पत्रिका (१९६३) मा छापिन थाले । समस्यापूर्ति र फुटकर कविताको रचना गर्दै प्रथमतः उनले शृङ्गारिक धाराकै आवाहन गरेका हुन् र 'वियोगिनी विलाप' यतिखेरको उनको उल्लेखनीय कविता हो । उनका भाव, लय र शैलीको प्रतिभापूर्ण छलबल पर्याप्त मात्रामा यस कवितामा प्रकट भएको पाइन्छ । तर **सुन्दरी**–कालमै उनको 'कालिकाविलासी' जस्तो समस्यापूर्तिले शृङ्गारधाराप्रति छेड हाल्न थालेको र 'वैराग्यवल्ली' कविताले शृङ्गारविपरीत शान्तरसतर्फ चाख देखाएको भेटिन्छ र उनका भाव, लय र शैलीमा विशिष्ट छचल्काहरू प्रकट भइरहेको कुरा 'वैराग्यवल्ली' कविताले पनि झल्काउँछ । यसरी १९६३ सालमै लेखनाथ समसामयिक शृङ्गारिक परिवेशबाट तर्किंदै आफ्नो शान्तरसमूलक कवितायात्रातर्फ प्रवृत्त भएको र उनको कवित्व पनि प्रतिभापूर्ण छचल्काहरूले उद्वेलित भइरहेको अनुभव हुन आउँछ ।

१९६५–६६ साल लेखनाथको प्राथमिक कवितायात्राका निर्णायक वर्ष हुन् । लेखनाथको काव्यधाराको खास प्रवर्तन **माधवी** पत्रिकाका माध्यमबाट यतिखेर नै थालियो । हलन्त बहिष्कारमूलक लेख्य व्याकरणका अनुशासनमा कविता रच्दै र राष्ट्रिय जागरणका सामाजिक, सांस्कृतिक, धार्मिक तथा आध्यात्मिक लहरहरूलाई छुँदै अकृत्रिम तर अलङ्कारपूर्ण शैलीमा कविताको स्तरीकरण गर्ने चासो **माधवी** प्रत्रिकामा छापिएका लेखनाथका कविताले देखाएको पाइन्छ । यस पत्रिकामा छापिएको ४८ पद्यको 'वर्षाविचार' लामो कविता वा लघु काव्यका रूपमा देखा पर्छ र यो

उनको आगामी **ऋतुविचार** काव्यको प्रारूप पनि हो । नेपाली भाषामा पनि संस्कृत वा फारसी भाषाको जस्तो स्तरीय काव्य लेखिन सक्छ भनी प्रमाणित गर्ने क्रममा प्रथम पाइलास्वरूप लेखिएको **वर्षाविचार** मा लेखनाथ पौडयालको निजी काव्यधारा र त्यसका आधारभूत प्रवृत्तिहरूको प्राथमिक दिग्दर्शनसम्म प्राप्त हुन्छ । लेख्य व्याकरणका अनुशासनमा कविता रच्ने, परिष्कारवादी (शास्त्रीय वा क्लासिकल) काव्यधाराको वरण गर्दै नेपाली कविताको स्तरीकरण गर्ने र राष्ट्रिय जागरणको सन्दर्भतर्फ उन्मुखता देखाउने जस्ता कुरा उनका काव्यधाराका केन्द्रीय पहिचान हुन् भने **वर्षाविचार**मा ती कुरा प्रारम्भिक तर स्पष्ट रूपमा देखिन्छन् । काव्यका रचनासामग्रीका दृष्टिले प्रकृतिका छवि, सामाजिक परिदृश्य, हिन्दू पुनर्जागरण, नैतिक चेतना र आध्यात्मिक मनन नै लेखनाथका केन्द्रीय सामग्री हुन् भने त्यतातर्फ **वर्षाविचार**का लेखनाथ उन्मुख भइसकेका छन् । काव्यभाषा र शैलीका सन्दर्भमा तत्सम र तद्भव पदावलीको समुचित सन्तुलनमा आधारित सरल-गम्भीर तथा सहज-मनोरम शब्दशय्याको अनुप्रासीय अन्तर्धाराको लयलालित्य लेख्य व्याकरणका अनुशासनभित्र रही प्राप्त गर्नु लेखनाथको पहिचान हो भने त्यसको प्रारूप 'वर्षाविचार' मा देखा पर्छ । सहज स्वस्फूर्ततुल्य किन्तु शक्तिशाली अलङ्करण लेखनाथका कविताका लालित्यका परिपोषक तत्त्वमध्ये एक हो भने त्यो सहज मनोरम आलङ्कारिक छटा पनि **वर्षाविचार**मा चहकिलो छ । काव्यचेतनाका दृष्टिले वस्तुतत्त्व र अन्तर्भावका बीचको बौद्धिक पुटसमेत परेको चेतनापरिपाक परिष्कारवादी लेखनाथको केन्द्रीय पहिचान हो भने त्यो **वर्षाविचार**मा मिरमिराइरहेको पाइन्छ । यसरी लेखनाथका प्राकृतिक पर्यवेक्षण, सामाजिक व्यङ्ग्य र आदर्शीकरण, नीतिचेत, पौराणिक सन्दर्भको नवीन व्याख्या, युगोन्मेष, हिन्दू पुनर्जागरणको स्वर र अध्यात्मचेतका साथै लय, शैली र अलङ्करणका अनुशासित लालित्यसहित सहज-संयमित परिष्कारधर्मी स्तरीय कविताचेतका प्राथमिक प्रस्फुटनका बिन्दुका रूपमा **वर्षाविचार** लघु काव्य (१९६५–६६) देखा पर्छ र यसलाई नेपाली खण्डकाव्यको परिष्कारधर्मी प्रथम स्तरीय प्रयास पनि भन्न सकिन्छ । वास्तवमा यसै बिन्दुदेखि नै लेखनाथ पौडयालको कवितायात्रामा उनको

काव्यधारा आफ्ना खास काव्यस्रोत र काव्यप्रवृत्तितर्फ अभिमुखीकृत भई देखा परेको पाइन्छ ।

लेखनाथका कवितायात्राका क्रममा **लालित्य** (१९६९) उनको कवितायात्राको अर्को महत्त्वपूर्ण पाइलो हो । यसमा लेखनाथका ६ कविता परेका छन् जसमध्ये 'मनोलड्डू' कविता उनको धार्मिक-अध्यात्मिक कवि-चेतको परिष्कारोन्मुख भावार्द्र अभिव्यक्ति हो । त्यस्तै अर्को 'विचित्रवाहिनी' कवितामा शोषण र उत्पीडनको हास्यआभास अँगाल्दै लेखनाथको युगोन्मेष झुल्किएको छ र सामाजिक पर्यवेक्षण र व्यङ्ग्यको क्षमता पनि झल्कन्छ अनि शब्दालङ्कार र अर्थालङ्कारको विशेष चहक पनि प्रकट भएको छ । अर्को 'रामराज्य' कवितामा पूर्वीय राज्यआदर्शहरूको संस्मरण छ र शब्दार्थको अलङ्कार सृष्टिसामर्थ्य पनि चहकिलो छ । **लालित्य**भित्रको 'कविकवितालाप' कविताचाहिँ कवि लेखनाथको निजी काव्यधाराको घोषणापत्रतुल्य देखा पर्छ । माध्यमिककालको उत्तरार्धका समसामयिक साहित्यिक प्रचलनप्रति आक्षेप, व्यङ्ग्य र अस्वीकारसहित कविताका भाषामा व्याकरणसम्मत सुधार ल्याउने, मौलिक कविप्रतिभाको सञ्चार गर्ने, नीतिचेत र आदर्शोन्मुख विचार गर्दै सामाजिक जागरण र सुधारप्रति सोद्देश्य कविताको प्रवर्तन गर्ने र पूर्वी उच्च साहित्यिक परम्पराप्रति श्रद्धासाथ नेपाली कविताको स्तरीकरण गर्दै नवीन काव्ययुगको आवाहन गर्ने सङ्कल्प 'कविकवितालाप' कवितामा उनले प्रकट गरेका छन् । यस तात्पर्यमा १९६९ सालसम्म आइपुग्दा लेखनाथ नेपाली कवितामा युगान्तर ल्याउन कृतसङ्कल्प देखा पर्छन् ।

१९७० सालको **शोकप्रवाह** खण्डकाव्यले लेखनाथको उच्च भावक्षमताको परिचय दिन्छ । उनका लय र शैलीमा आइरहेको परिष्कृतिले गर्दा यसको भावधारा झन् चहकिएको छ । परिष्कारवादी काव्यधाराको उल्लेख्य कृतिका रूपमा यस करुण खण्डकाव्यले लेखनाथको विकासशील कविप्रतिभालाई प्रस्तुत गरेको छ ।

१९७२–७६ सालका अवधिमा लेखनाथको परिष्कारवादी नवकाव्यधाराको सृजनात्मक क्षमता प्रभावकारी रूपमा प्रकट भएको र स्थापित भएको देखिन्छ । यस अवधिमा उनका प्रशस्त फुटकर कविताहरू

र तीन खण्डकाव्यका साथै एक नाटक प्रकाशित भएको पाइन्छ । उनका फुटकर कविताहरू खास गरी **गोरखाशिक्षाका** भाग १, २ र ३ (क्रमश: १९७२, १९७३, र १९७४) मा र **सूक्तिसिन्धु** (१९७४) मा सङ्कलित छन् । १९७३ सालका 'हिउँदका दिन', 'इन्द्रधनु' र १९७४ सालका 'प्रभात', 'वसन्त' र 'वसन्तकोकिल' कवितामा लेखनाथको पूर्वस्वच्छन्दतावादी स्पर्शसहित परिष्कारवादी प्रकृतिपर्यवेक्षणको कुशलता प्रकट हुन्छ । १९७२ सालका 'दशैं' र 'तिहार' मा उनको सांस्कृतिक चेत तथा 'ईश्वरस्तुति' मा आध्यात्मिक चेत झल्कनाका साथै १९७३ सालको 'म कस्तो हूँ' र १९७४ सालका 'म केके नगरूँ' र 'नैतिक दृष्टान्त' कवितामा उनको नैतिक आदर्शचेत व्यक्तिएको छ । १९७४ सालको 'पिँजराको सुगा' तात्कालिक युग-व्यथा र स्वतन्त्रता-कामनाका प्रतीकात्मक व्यञ्जनाका रूपमा बहुचर्चित रहेको छ । १९७४ सालका **सूक्तिसिन्धुका** कवितामध्ये 'विरहिणीका उपर सखीको प्रश्न' कविता वियोगिनी र योगिनीका श्लेषात्मक भावसन्धिमै उभिँदै शृङ्गार युग र शान्त-आध्यात्मिक युगको दोसाँधको अत्यन्त कलात्मक अभिव्यक्ति हुन आएको छ । १९७४ सालको **भर्तृहरिनिर्वेद** नाटकको पद्यांशले पनि खास गरी उनको आध्यात्मिक कवित्व तथा शैलीगत अन्तर्विकासको परिचय दिन्छ । यसताकाका लेखनाथका खण्डकाव्यहरूमध्ये **ऋतुविचार** प्रकृतिकाव्यका रूपमा, **बुद्धिविनोद** बौद्धिक काव्यका रूपमा अनि **सत्यकलिसंवाद** सामाजिक काव्यका रूपमा देखा पर्छन् । लेखनाथले प्रवर्तन गर्न लागेको नयाँ काव्यधाराका प्राकृतिक, बौद्धिक र सामाजिक सन्दर्भलाई यी तीन काव्यहरूले प्रस्तुत गरेका छन् । यी काव्यहरूमध्ये समाजसन्दर्भ र युगोन्मेषको वस्तुगत पर्यवेक्षण, व्यङ्ग्य र आदर्शीकरणतर्फ **सत्यकलिसंवाद** विशेष जागरूक छ र यसमा हिन्दू पुनर्जागरणका स्वरसँग लेखनाथका सांस्कृतिक स्वप्न तथा सुधारवादी स्वर पनि सलबलाउन खोजेका छन् । सामाजिक रूढि, विकृति र असङ्गतिप्रति व्यङ्ग्य तथा आर्थिक दैन्यप्रति आक्रोश एवम् धार्मिक नैतिक पतनप्रति कौतुकसहित राजनैतिक सन्त्रासका प्रतिच्छायामा **सत्यकलिसंवाद** रचिएको छ र यसमा काव्यमूल्यभन्दा हिन्दू पुनर्जागरणको स्वर तथा सामाजिक मूल्य र युगचापको मात्रा बढी देखिन्छ ।

**बुद्धिविनोद** समकालीन नेपालका पूर्वी-पश्चिमी वा प्राचीन नवीन मूल्य, दृष्टि र चेतनाका प्रश्न-प्रतिप्रश्नको द्वन्द्वमय अभिव्यक्तिका रूपमा उभिँदै ज्ञान र विज्ञानको घर्षण थालिएका युगीन बौद्धिक धरातलको व्यञ्जक नै बढी देखा पर्छ । **ऋतुविचार** खण्डकाव्य भने प्रकृतिकाव्य भएर पनि लेखनाथका सबैजसो काव्यप्रवृत्तिहरूको सङ्गमस्थलतुल्य छ र यसमा सामाजिक-सांस्कृतिक तथा नैतिक-आध्यात्मिक प्रतिच्छविसहित लेखनाथको सूक्ष्म प्रकृति-पर्यवेक्षण प्रकट भएको छ । लेखनाथका लय, भाव, चिन्तन र शैली-शिल्पको पूर्वस्वच्छन्दतावादी स्पर्शसहित सहज-परिष्कृत संश्लिष्ट सौन्दर्यको नमुनास्वरूप **ऋतुविचार** खण्डकाव्य नेपाली कविताकै पनि प्रथम परिष्कृत सौन्दर्यवाटिकाका रूपमा देखा पर्छ । यसरी १९७२–७६ सालका उपर्युक्त कविता र काव्यका माध्यमबाट लेखनाथ पौड्यालले नेपाली कविताको माध्यमिककाललाई तोड्दै आधुनिक नेपाली कविताको उषाकाल वा मिर्मिरे प्रथम प्रहरस्वरूप परिष्कारवादी (शास्त्रीय: कलासिकल) धाराको प्रवर्तन तथा प्रतिष्ठापन गरेको पाइन्छ । खास गरी १९७३–७६ सालका बीच प्रवर्तित यो परिष्कारवादी धारा **शारदा** पत्रिकाको अभ्युदय (वि. सं. १९९१) पूर्वको अवधिसम्म नेपाली कविताको अग्रणी धाराको रूपमा रह्यो । यस अवधिमा **गोरखा शिक्षा**को चारौँ भाग १९८० मा लेखनाथका 'धनमहिमा', 'सन्ध्या' र 'धृतिशीलता' कविता छापिएका छन् र उनको 'गीताञ्जली' र लघु स्तुतिकाव्य पनि प्रकाशित भएको छ । 'धनमहिमा' ले खास गरी धनमूलक सामन्त परिवेश र भौतिक मोहप्रति व्यङ्ग्य गरेको छ भने 'धृतिशीलता' चाहिँ आदर्शवादी धीर व्यक्तित्वको गायन हो अनि 'सन्ध्या' चाहिँ प्राकृतिक सौन्दर्यको पूर्वस्वच्छन्दतावादी पुट पनि परेको पर्यवेक्षण । 'गीताञ्जली' शासक स्तुतिको सन्दर्भसँग जोडिएको छ र लेखनाथको जागरण–स्वर मूलत: राजनीतिनिक्षेप सांस्कृतिक-सामाजिक जागरणको व्यञ्जक हो भन्ने जानकारी **सत्यकलिसंवाद**पछि यस लघु काव्यले दिन्छ । तर परिष्कारवादी प्रसन्न शैली-शिल्प र मनोरथ भावको लय-लालित्यको छटा भने यस स्तुतिकाव्यमा पनि व्याप्त रहेको छ । लेखनाथको ६ दशकभन्दा लामो कवितायात्राको पूर्वार्द्ध वा प्रथम प्रहर (

१९६१–६२ सालदेखि १९९० सालसम्मको पूर्वोक्त अवधि नै हो । यस अवधिमा प्रथमत: १९६३–७३ सालका बीचमा उनले समसामयिक माध्यमिक शृङ्गारधारालाई तोड्दै आफ्नो परिष्कारवादी काव्यधारातर्फको प्रयोग र प्रवर्तन गर्दै क्रमश: त्यसलाई स्थापित गरेको पाइन्छ । नेपाली कवितामा लेखनाथको यो भूमिका युगान्तकारी र नवयुगप्रवर्तक देखा पर्छ अनि नेपाली कविताको स्तरीकरण गर्दै र स्तरीय खण्डकाव्यको समेत रचना गर्दै परिष्कारवादी काव्यचैतन्य र काव्यसौन्दर्यका स्रष्टा प्रथम महान् नेपाली कविका रूपमा उनी यस अवधिमा प्रतिष्ठित हुन आउँछन् । उनले सिर्जेको यही परिष्कारवादी धारा नै नेपाली कविताको आधुनिकतातर्फको सङ्क्रान्तिको उषाकाल वा प्रथम प्रहरसमेत देखा पर्न आउँछ ।

१९९१ सालदेखि **शारदा** पत्रिकासँगै नेपाली कवितामा नयाँ चहलपहल थालिन्छ र लक्ष्मीप्रसाद देवकोटा र सिद्धिचरणजस्ता कविहरू स्वच्छन्दतावादी काव्यधारा अँगाल्दै प्रकट हुन लाग्दछन् । लेखनाथका परिष्कारवादी काव्यधारामा पूर्वस्वच्छन्दतावादी तत्त्वहरू केही मात्रामा अन्तर्निहित रहे तापनि देवकोटा र सिद्धिचरणका सहकारितामा खास स्वच्छन्दतावादको अभ्युदय नै १९९१–९२ सालतिरको नेपाली कविताको मुख्य घटना हो । वि. सं. १९७६ पछि राजनैतिक चाप र व्याकरण-द्वन्द्वका साथै अन्य सान्दर्भिक कारणहरूले गर्दा फक्रिन नपाई खुम्चिन पुगेको लेखनाथको कवित्व पनि **शारदा**काल लाग्दानलाग्दै झन् खारिएर प्रकट हुन थाल्यो । वि. सं. १९९१ सालको परिवर्तित-संशोधित **ऋतुविचार** नै लेखनाथको कवितायात्राको पूर्वार्द्धको उत्तरार्द्धको उद्घोषक कृति हुन आउँछ । लेखनाथका काव्यधाराका सन्दर्भमा स्वच्छन्दतावादको आंशिक चास्नीसहित परिष्कारवादी काव्य-सुषमाको उत्कृष्ट कान्ति प्राप्त गर्दै उनका विविध काव्यप्रवृत्तिहरू अझ तिक्खर र परिष्कृत भई, विशेष स्तरीकृत बन्नु नै **ऋतुविचार** (१९९१) को केन्द्रीय प्राप्ति हो । यसरी देवकोटाका केन्द्रीयतामा स्वच्छन्दतावादी काव्यधारा हुर्कन लागेको त्यस युगमा परिष्कारवादी काव्यधाराको नेतृत्व गर्दै लेखनाथ आफ्नो सामाजिक पर्यवेक्षण र आध्यात्मिक चेतनालाई अझ खार्दै र समीकृत गर्दै अनि आफ्ना कविताको लय, शैली, शिल्प र संरचनालाई

अझ परिष्कृत तुल्याउँदै गतिशील रही परिष्कारवादी काव्यसौन्दर्यका उत्तुङ्ग शिखरका रूपमा चुलिँदै गएको पाइन्छ ।

लेखनाथको कवितायात्राको पूर्वार्द्धलाई प्रथम चरण स्वीकार्दै उत्तरार्द्धस्वरूप १९९१–२०२२ सालको अवधिलाई चाहिँ २००७ सालको विभाजक युगरेखाका आधारमा दुई भागमा वर्गीकृत गर्न सकिन्छ । यसरी १९९१–२००७ र २००८–२२ सालका दुई समयावधिमा उनको उत्तरार्द्ध कवितायात्रालाई विभाजित गर्दा पहिलोचाहिँ समयावधि उनको कवितायात्राको दोस्रो चरण र दोस्रोचाहिँ अवधि तेस्रो चरणका रूपमा देखिन आउँछन् । अवश्यै उक्त तेस्रो चरणका माझमाझ २०१३ सालदेखि लेखनाथको कवितामा अर्को चौथो चरणको सम्भाव्यता झल्कन्छ तर त्यो अधूरै रही तेस्रो चरणमै अन्तर्भुक्त बन्न पुगेको छ । प्रथमत: उनको कवितायात्राको दोस्रो चरण (१९९१–२००७ साल) का बारेमा नै चर्चा गरौं ।

'ऋतुविचार' (१९९१) को परिवर्धन-परिष्कारपछि लेखनाथका कवितायात्रामा कवित्व र चैतन्य दुवैको अन्तर्विकास र परिष्कारको प्रक्रिया झन् तीव्र हुन लागेको पाइन्छ । यतिखेर उनको उमेर पचास वर्ष पार गरी जीवनको छैटौं दशकतर्फ लाग्दै थियो र पेसागत चक्करबाट मुक्त हुँदै प्राय: स्वाधीन रूपमा उनको जीवनचर्या पनि चालिँदै थियो । यतिखेर समकालीन राणाशासनका सन्दर्भमा पनि उनी नियमित चाकडी र दौडधुपका प्रक्रियाबाट पन्छिँदै र सत्ताकेन्द्रका विपरीत दिशामा उन्मुख कतिपय राणापरिवारहरूसँग सम्बद्ध हुँदै थिए । उनले आफ्नो कवितायात्राका पूर्वार्द्धमा तत्कालीन कठोर राजनैतिक पर्यावरणमा जागरणधर्मी कवितासृजनाका कठिनाइ र भुक्तमान भोगिसकेका थिए भने उनका युगचेत सूक्ष्म व्यञ्जनाका स्तरमा नै विशेष मुखरित हुनाका साथ प्राय: राजनीतिइतर सामाजिक, आर्थिक तथा सांस्कृतिक, नैतिक, धार्मिक र आध्यात्मिक जागरणकै सेरोफेरोमा बढी सुसेलिएको पनि हो । वास्तवमा आफ्ना कविजीवनभरि नै राजनैतिक स्तरमा उनी विप्लवी-विद्रोही कविभन्दा स्तुति-प्रशंसाका सामयिक अपेक्षाको पूर्ति गरिदिने खालका कवितासमेत लेख्तै रहे तर युगचेतनाका पूर्वोक्त व्यापक सामाजिक-सांस्कृतिक सन्दर्भचाहिँ उनका कृतिहरूमा स्पन्दित र

व्यञ्जित नै रह्यो । कवितायात्राको उत्तरार्द्धमा पनि उनी यही वृत्तमा नै २००७ सालसम्म केन्द्रित रहेको देखिन्छ तापनि उनका १९९१–२००७ सालका अवधिका कवितामा जागरणधर्मी चैतन्य विशेष रूपमा स्पन्दित र व्यञ्जित भएको पाइन्छ । पेसागत मुक्तता, उमेरको परिपक्वता र सत्ताकेन्द्रविपरीत क्रियाशील कतिपय राणापरिवारहरूसँगको तादात्म्य तथा शारदाकालीन साहित्यिक जागरणका युगमा प्राप्त साहित्यिक आत्मप्रतिष्ठाका कारणले गर्दा पनि उनी आफ्नो कवित्व र चैतन्य दुवैको विस्तार र परिष्कारतर्फ यतिखेर क्रमिक रूपमा उत्प्रेरित भएको बुझिन्छ । उनको कवितायात्राको दोस्रो चरण (१९९१–२००७) मा दुई खण्डकाव्य, एक नाटक र प्रशस्त फुटकर कविताहरू प्रकाशित भएका छन् । यी रचनाहरूलाई केलाउँदा एकतर्फ उनका जीवनदृष्टिमा परिपक्वता आइरहेको र त्यसमा पूर्वीय दर्शनको अध्ययन र सामाजिक सचेतता दुवैको भूमिका बढिरहेको भेटिन्छ भने अर्कातर्फ परिष्कारवादी कवित्वको कलात्मक प्राप्तितर्फ उनको दक्षता उत्तरोत्तर विकसित भइरहेको पनि पाइन्छ ।

लेखनाथको कवितायात्राको दोस्रो चरण (१९९१–२००७) मा देखा पर्ने प्रमुख फुटकर कविताहरू हुन्– 'जीवनचङ्गा', 'कालमहिमा' र 'गौँथलीको चिरिबिरी' (१९९२), सत्य सन्देशहरू (१९९५–२०००), विज्ञानको मोह (१९९५), 'पिँजराको प्यासा मैना' (१९९७), 'पतितपावनी श्रीगङ्गाजीको झाँकी' (१९९२), 'वंशीधरको दिव्यवंशी' (१९९९), 'हाँसेको साहित्यसागर' (२००४), 'गौँथलीको चिरिबिरी' (२) (२००४), 'नारद र विज्ञान' (२००६) आदि । यी फुटकर कवितामध्ये 'जीवनचङ्गा' ले लेखनाथमा आध्यात्मिक जीवनदृष्टिको सघन अन्वेषणको अभिरुचि बढिरहेको र त्यसलाई कवितात्मक परिणति दिने चासो तीव्र भइरहेको सङ्केत दिन्छ भने 'गौँथलीको चिरिबिरी' हरूले व्यक्तिवादी, बहिर्मुखी, सामन्ती र भौतिकवादी स्वार्थ र तृष्णाका विपरीत मानवतावादी, अन्तर्मुखी, आर्ष र अध्यात्मवादी जीवनमूल्यतर्फ लेखनाथको बढ्दो झुकाउलाई प्रस्तुत गर्दछन् । 'विज्ञानको मोह' र 'नारद र विज्ञान' जस्ता कविताबाटै **सत्यकलिसंवाद**को विज्ञानप्रतिको कौतुक भाव र **बुद्धिविनोद**को विज्ञानतर्फ पनि सचेत पृष्ठभूमिपछि लेखनाथ विज्ञानलाई

मनुष्यका दुरन्त भौतिक तृष्णाको विस्तारक तथा ध्वंसात्मक दिशातर्फ विश्वसृष्टिलाई धकेल्ने तत्त्व ठान्दै विज्ञानविरुद्ध उभिरहेको देखिन्छ । प्रथम विश्वयुद्धदेखि दोस्रो विश्वयुद्धसम्मका चार दशकमा लेखनाथले भौतिक सभ्यताको प्रतीक ठहऱ्याई यसका ध्वंसात्मक पक्षमा विशेष जोडसमेत दिएको अनुभव हुन आउँछ । 'पिँजराको प्यासा मैना' कविताले लेखनाथको आध्यात्मिक जीवनदृष्टिलाई विषय-तृष्णा र त्यसका अशान्तिज्वारका सन्दर्भमा विश्वबोधसहित प्रस्तुत गरेको छ र उनका 'सत्य सन्देश' हरूले मानवीय आत्मिक उज्ज्वलतामा केन्द्रित आध्यात्मिक जीवनदृष्टिको आर्ष व्यञ्जना गरेका छन् । पूर्वीय पुराकथाको पुनर्व्याख्या गर्दै भौतिक भोगवादी जीवनमूल्यका सीमाहरू औँल्याउँदै परम ज्योतिको आत्मिक अन्वेषणको प्रक्रियातर्फ लेखनाथको संलग्नतालाई 'वंशीधरको दिव्य वंशी' जस्ता कविताले जनाएका छन् । यी फुटकर कविताहरूका आलोकमा लेखनाथको कवितायात्राको दोस्रो चरणको भौतिक तथा भोगवादी जीवनमूल्य र त्यस मूल्यका कारणले उब्जेका सामाजिक वैषम्य तथा विश्व-वैषम्यप्रति पनि सचेत हुँदै पूर्वीय अध्यात्मदर्शनको युगीन प्रस्तुतिमा आधारित उदात्त चेतनाका आवाहनतर्फ केन्द्रित भइरहेको तथ्य स्पष्टिन्छ । लेखनाथको यस चिन्तनप्रक्रियालाई उनको **बुद्धिविनोदको प्रथम विनोद** काव्य (१९९४) र **लक्ष्मीपूजा** नाटक (१९९४) का पद्यांशले पनि झल्काएका छन् भने उनका पूर्वोक्त फुटकर कविताहरूमा त्यो चिन्तनप्रक्रिया झन्झन् खारिँदै आएको पाइन्छ । यसरी लेखनाथको कवितायात्राको दोस्रो चरण क्रमशः चिन्तनशील कवित्वतर्फ उन्मुख भएको र त्यसमा आध्यात्मिक चैतन्यको उज्ज्वलताका साथ युगीन आदर्शोन्मेषसमेत प्रकट भइरहेको अनुभव हुन्छ । समाजबोध, विश्वबोधका क्रममा आध्यात्मिक जागृतिको यही उदांत्त चैतन्यकै विस्तारित अभिव्यञ्जनाका निम्ति २००४ सालतिरदेखि **तरुण तपसी** नव्यकाव्यका सृजनामा प्रवृत्त भएको कुरा पनि यहाँ उल्लेखनीय छ ।

लेखनाथको कवितायात्राको प्रथम चरण वा पूर्वार्द्धमा नै पनि आध्यात्मिक चिन्तनशीलता उनको कवित्वको एक विशिष्ट प्रवृत्ति वा अभिलक्षणका रूपमा रहेको हो । यही प्रवृत्तिविशेष नै उनको कवित्वको

केन्द्रबिन्दु हुन आउनु र उनी चिन्तक कविका रूपमा प्रकट हुनु नै उनको कवितायात्राको दोस्रो चरणको मूल घटना देखा पर्छ । तर लेखनाथको चिन्तक व्यक्तित्व र कवि व्यक्तित्वको सुन्दर समीकरणका परिणति हुन् उनका कवितायात्राका दोस्रो चरणका अधिकांश कविता । जीवनको आध्यात्मिक चिन्तन नै कविताको मुख्य विषयवस्तु रहे पनि त्यो चिन्तन भावमय हुनु र त्यो चिन्तनधर्मी भाव वर्णमात्रिक लय-लालित्य, शैली-समृद्धि, शिल्प-सामर्थ्य र संरचनाक्षमताको उच्च परिष्कारधर्मी सिद्धिद्वारा ओतप्रोत रहनु उनका यस चरणका अधिकांश कविताको वैशिष्ट्य हो । उनका 'जीवनचङ्गा' जस्ता कवितामा चिन्तनचाप रहे पनि रूपपरक शक्ति पनि उत्तिकै बेजोड छ भने 'पिँजराको प्यासा मैना' मा चिन्तन र भावरूपको अन्योन्य उच्च सहकारिता देखिन्छ । 'पतितपावनी श्री गङ्गाजीको झाँकी' जस्ता कवितामा शैलीको उच्च समृद्धि छ भने उनका अधिकांश कवितामा शैलीको त्यही माधुर्य र लयको लालित्यसँगै अलङ्कारविधान र संरचनाको उच्चतम सामर्थ्यसहित चिन्तन भावमय भई परिष्कारधर्मी कवित्व चुलिएको पाइन्छ र 'कालमहिमा' जस्ता कविता उनको कवित्वका यस्तै उच्चतम क्षणका प्राप्ति हुन् । अध्यात्मिक चैतन्यसँग कविता-कलाको समेत परिष्कृत सिद्धि नै उनको कवितायात्राको यस दोस्रो चरणको केन्द्रीय प्राप्ति हो । यसै परिप्रेक्ष्यमा उनी २००४ सालको नेपालको साहित्यिक चहलपहलको माझ आफूलाई 'हाँसेको साहित्यसागर' ठान्न पुग्छन् ।

२००७ सालदेखि यताका लेखनाथका कवितामा प्रथमतः युग-परिवर्तनको उत्साहका साथै सङ्क्रमणकालीन नेपाली समाजका विविध असङ्गतिप्रति व्यङ्ग्यको प्रवृत्ति तीव्र रूपमा प्रकट भएको छ र दोस्रो चरणमै देखा परेको विश्वबोध र मनुष्यताका परिप्रेक्ष्यमा आध्यात्मिक चैतन्यको व्यापक आवाहनको प्रवृत्ति नै यस तेस्रो चरणका प्रारम्भिक अवधिमा पनि विस्तारित भइरहेको पाइन्छ । २००७–२२ को समयावधि उनको उत्तरार्द्ध कवितायात्राको अन्तिम प्रहर र समुच्चा कवितायात्राको तेस्रो चरण पनि हो । परिष्कारवादी काव्यकलालाई सामाजिकता र युगोन्मेषका साथै विश्वबोध र जीवनबोधको प्रगतिवादी स्पर्शसहित उदात्त भावचिन्तनका केन्द्रीयतामा

अँगाल्दै आफ्ना अन्य विविध प्रवृत्तिहरूलाई पनि समेट्दै आएको **तरुण तपसी** (२०१०) नै उनको यस चरणको शीर्षस्थ कृति हो । उनको **मेरो राम** (२०११) काव्यचाहिँ रामभक्तिमूलक अध्यात्मचिन्तनको उपज कृति हो र **अमर ज्योतिको सत्य स्मृति** काव्यचाहिँ महात्मा गान्धीका शोकमा र स्मृतिमा लेखिएको आध्यात्मिक मानवतावादी युगोन्मेषको काव्य हो । यी दुई काव्यको आआफ्नो महत्त्व हुँदाहुँदै पनि समाजचेतना र अध्यात्मचेतनाको समीकरण बिन्दुमा विश्व र मानवताको अतीतवर्तमानको काव्यात्मक सर्वेक्षण गर्दै आर्ष, उदात्त, आध्यात्मिक चैतन्यद्वारा नै बीसौं शताब्दीको मनुष्यजातिको उपचार सम्भव ठहराउने महाकाव्यधर्मी **तरुण तपसी** नव्यकाव्य नै यस चरणको सर्वोच्च कृति ठहरिन आउँछ । वास्तवमा **ऋतुविचार** (१९९१) को परिष्कारवादी काव्यसौन्दर्यको उच्च सृष्टिपछि लेखनाथको कवितायात्राको प्रौढ काव्यचैतन्यको अर्को परिपक्व काव्यकृतिका रूपमा यो महाकाव्यधर्मी **तरुण तपसी** नव्यकाव्य देखा पर्छ । यस चरणमा उनका दुई कवितासङ्ग्रह **लालित्य प्रथम** भाग (२०१०) र द्वितीय भाग (२०२५) पनि देखा परेका छन् । लेखनाथका कवितायात्राका विभिन्न चरणका कविताकृतिहरू यी दुई सङ्ग्रहमा समाविष्ट छन् तापनि यिनमा उनका कविताहरूको क्रमबद्ध व्यापक सङ्कलन नभई आंशिक सङ्कलन मात्र हुन सकेको पाइन्छ । लेखनाथको कवितायात्राको तेस्रो चरणका सुरुसुरुका मुख्यमुख्य फुटकर कविता हुन्– युगवाणी (२००७), वर्षा (२००९), प्रगति (२०१०), कविताको खोजी, साहित्यको फुटबल (२०१०) आदि । यी कविताहरूमा एकातर्फ २००७ सालको परिवर्तनपछिको नवयुगको रन्को छ भने अर्कातर्फ त्यस युगको सङ्क्रमणकालका अनेक सामाजिक अन्तर्विरोधप्रति व्यङ्ग्य छ अनि जीवनका अन्तर्बाह्य परिष्कारका स्वच्छ आदर्शतर्फको कवितात्मक चासो पनि छ । यस सन्दर्भमा यी कविताहरू जीवनको अन्तर्बाह्य आध्यात्मिक उज्ज्वल कामनासहित प्रगतिवादी पुट पनि परेका कविता देखा पर्छन् ।

समुच्चा कवितायात्राको अन्तिम दशक (२०१३-२२) मा लेखनाथको रचनाप्रक्रियामा बुढचौलीको जर्जरता, शारीरिक शिथिलता र रोगव्याधिका

कारणले लेखनकठिनाइ आइपरे पनि उनको सृजनात्मक प्रतिभाचाहिँ अक्षुण्ण नै रहेको पाइन्छ । २०१८ सालतिरैदेखि उनले लेख्न प्रयास गरेको **गङ्गागौरी** महाकाव्य अपूर्ण नै रहेको पाइन्छ । **गङ्गागौरी** महाकाव्य अपूर्ण नै रहे पनि यो महाकाव्यांश, परिष्कृत **भर्तृहरिनिर्वेद** नाटक (२०२०) को पद्यांश र विभिन्न फुटकर कविताहरूले उनको कवितायात्राको तृतीय चरणको अन्तिम अवधिसम्म नै उनको सृजनात्मक प्रतिभा अरू नौला सम्भाव्यताका साथ छलबलाइरहेको कुरा स्पष्ट्याउँछन् । यस तेस्रो चरणका प्रारम्भिक अवधिमा प्रगतिवादी वायुमण्डलको चाप तीव्र रहेको अनि सामाजिकता र आध्यात्मिकताको समीकरणको प्रक्रिया अँगाली उनको परिष्कारवादी कवित्व विशेष गतिशील रहेको साक्ष्य **तरुण तपसी** र पूर्वोक्त फुटकर कविताहरूबाट प्राप्त हुन्छ भने जीवनको सान्ध्य अन्तिम दशकका कवितामा चाहिँ उनको समाज द्रष्टा र चिन्तक व्यक्तित्व अरू खारिँदै र अरू सौन्दर्ययुक्त हुँदै आइरहेको र त्यसले राष्ट्रवादको युगीन सन्दर्भ अँगाल्नाका साथै आफ्ना पूर्वस्वच्छन्दतावादी काव्यतत्त्वहरूतर्फ पनि पुन: चाख लिइरहेको सङ्केत प्राप्त हुन्छ । **ऋतुविचार** को उत्कृष्ट सौन्दर्यप्राप्ति र **तरुण तपसी**को उत्कृष्ट चैतन्यविस्तारसहित परिपक्व काव्यप्राप्ति दुवैको समन्वित बिन्दु हुन खोज्ने **गङ्गागौरी** महाकाव्य अपूर्ण नै रहे पनि लेखनाथको समुच्चा कविव्यक्तित्वको सान्ध्य उत्कृष्ट सिद्धिको स्पर्श प्राप्त गरेका कतिपय फुटकर कविताहरू विशेष स्मरणीय देखिन्छन् र ती हुन्-हाम्रो इन्द्रेणी (२०१३), मेरो किशोर (२०२०), पूर्वस्मृति (२०२२) र आखिरी कविता (२०२२) आदि । यी कविताहरूमध्ये धेरैजसोमा लेखनाथको आत्मसंस्मरणको मुद्राका साथै आध्यात्मिक जीवनचिन्तन र सौन्दर्यबोधसमेतको समन्वित उत्कृष्ट व्यञ्जना देखा पर्छ । आंशिक पूर्वस्वच्छन्दतावादी पुटसमेत परेको भाव-शिल्प-सौन्दर्यको उत्कृष्ट परिष्कारवादी काव्यवाटिका **ऋतुविचार** र सामाजिक-आध्यात्मिक चैत व्यको उत्कृष्ट कलात्मक अभिव्यक्तिस्वरूप महाकाव्यधर्मी परिष्कारवादी नव्यकाव्य **तरुण तपसी** को सृजनापछि यी दुवैको सङ्गमबिन्दुका रूपमा प्राकृतिक, सांस्कृतिक, राष्ट्रिय र आध्यात्मिक परिप्रेक्ष्यमा लेखनाथले रच्न लागेको **गङ्गागौरी** महाकाव्य पूर्ण भएको भए त्यो जेजस्तो हुन्थ्यो त्यसको सङ्केत उनका पूर्वोक्त फुटकर

कृतिहरूबाट केही मात्रमा प्राप्त हुन्छ । यस तात्पर्यमा लेखनाथको कवितायात्राको सम्भाव्य चौथो चरण अपूर्ण रही तेस्रो चरणभित्रै अन्तर्भुक्त देखा पर्छ ।

उपर्युक्त चर्चाको अन्त्यमा के भन्न सकिन्छ भने लेखनाथको ८२ वर्षे जीवनको लगभग ६० वर्षको कवितायात्रामा निरन्तर गतिशीलता, परिपक्वता र प्रतिभाको अक्षुण्णताका साथ उत्तरोत्तर सिद्धिका लक्षणहरू देखा पर्छन् । यस कवितायात्राका क्रममा उनले नेपाली कविताको माध्यमिक काललाई तोड्दै पूर्वस्वच्छन्दतावादको आंशिक स्पर्शसहितको नेपाली परिष्कारवादी काव्यधाराको प्रवर्द्धन, प्रतिष्ठापन र नेतृत्व गरी नेपाली कविताको आधुनिक युगको पहिलो प्रहरको सूत्रपात गर्नाका साथै नेपाली कविताका स्वच्छन्दतावादी, प्रगतिवादी र प्रयोगवादी धाराका चहलपहलका माझ पनि त्यस परिष्कारवादी काव्यधाराको आजीवन संवर्द्धन गरेको पाइन्छ । उनी नेपाली वर्णमात्रिक गीतिचेतना वा छन्दचेतनाका सर्वाधिक ललित र परिष्कृत गायक हुन् र उनी परिष्कृत नेपाली काव्यभाषा, काव्यशैली र काव्यशिल्पका प्रथम पारखी स्रष्टा हुन् । उनी नेपाली प्रकृतिको सौन्दर्यको सूक्ष्म पर्यवेक्षण र व्यञ्जना गर्ने प्रथम परिष्कारवादी कविकोकिल हुन् र उनी नेपाली समाजका सांस्कृतिक-आध्यात्मिक पुनर्जागरण-प्रक्रियाका प्रवक्ता काव्यकोविद् हुन् । नेपाली आध्यात्मिक चैतन्य परम्परा र युगोन्मेषको समीकरणका बिन्दुमा विश्वबोध र मनुष्यता-बोध गर्ने ऋषि कवि वा कवि तपसीका रूपमा उनको स्थान सर्वोपरि छ । उनी आधुनिक नेपाली समाजका नैतिक-आध्यात्मिक कवि-गुरु हुन् र आध्यात्मिक काव्यसौन्दर्यका सर्वोच्च नेपाली स्रष्टा पनि हुन् । उनी हाम्रा पुराना कविहरूमध्ये सबभन्दा नयाँ र हाम्रा आधुनिक कविहरूमध्ये सबभन्दा पुराना र जगको भूमिका खेल्ने महान् परिष्कारवादी कवि हुन् । उनी नेपाली कविताको परिष्कारवादी (शास्त्रीय : क्लासिकल) काव्यधाराका सर्वोच्च चुली हुन् । उनका ऋतुविचार खण्डकाव्य र महाकाव्यधर्मी तरुण तपसीका साथै तीन-चार दर्जनजति उत्कृष्ट फुटकर कविताहरू उनको त्यही परिष्कारवादी काव्यधाराका उत्तम कृतिका रूपमा नेपाली जातिका र नेपाली भाषाका चिरस्मरणीय निधि हुन आएका छन् ।

# लेखनाथका प्रमुख कविता

# १. कविकवितालाप

**कवि–**

भगवति ! कविते ! देवी, जुगजुग तिम्रो म हुँ सदासेवी;
बाहिर निस्कन आज, किन माननुभो बडो लाज ?

**कविता–**

रसिला गुणिजन हेरी, हाली अँगालो गलाविषे फेरी
रञ्जन पारी समाज, डुली रहेकी मलाई के लाज ?

**कवि–**

तिमी भनि अरू सब बात, छोडी बिताये बसी रात;
तैपनि करुणा गरिनौ, कसूर के देखि सामूमा परिनौ ?

**कविता–**

गर तिमी आफनु काम, न लेऊ बाबु ! कसूरको नाम;
मेरै कर्म अभागी, बुझेर दबिञे कुना लागी ।

**कवि–**

जसका वश परि सुकृति, कहलाये व्यास वाल्मीकि प्रभृति;
मनमनमा धैर्य धारी, सोही तपाञी अभागिनी कसरी !

**कविता–**

सकदिन बाबु ! सहन, अब अरु केही कुरा नभन;
चरचरि चिरिनछ छाती, वाल्मीकि व्यास सम्झदामा ती ।

**कवि–**

तिमी छौ रसरङ्गवती, भनेर, डाकें गरी ठूलो विनति;
उल्टा आँशु खसाली, किन रुन लाग्यौ धुरुधुरु खालि ?

कविता–

व्यासादिक सत्कविले छोडि मलाई बिदा भये जहिले;
उस दिनदेखि छु नङ्गी, छैन कुनै रङ्गिचङ्गिको भङ्गि ।

कवि–

जाउन वृद्ध व्यासप्रभृतिक, तिम्रो भयो र के नाश ?
अझ पनि सत्कवि हामी, खडा छँदै छौँ बडा नामी ।

कविता–

शिव ! शिव ! यो वज्रसरी, शरीरभेदी कुरा सुनौँ कसरी;
अब चुप चुप चुप बाबू ! गऱ्यो मलाई अभाग्यले काबू !

कवि–

म गरछु तिमि भनि; मान, तिमि थुनछेउ स्वयं वृथा कान;
हुन आयो कुन हेतु, रहेछ तिम्रो कहाँ केतु ?

कविता–

तिमि जस्ता बनि कविजी, गरदछु कविता भनेर पत्र फिजी;
लागून यो केही दशा, न बिग्री हुनथ्यो कहाँ सहसा ।

कवि–

मनकन बेसरी पोली, न बोल अति पेचिला रुखा बोली;
चिन्हिनौ कत्ति मलाई, जान तिमी व्यासको भाइ !!!

कविता–

आफनु शक्ति नजानी, नबने अबदेखि, पण्डितम्मानी;
कुह्र बरु धनिका ढोका, मिलछन पछि दानका पोका !!!

कवि–

प्रतिभा पूर्ण छ मेरी, लेखि लगाएँ किताबको ढेरी;
यस्तो सत्कवि सुजन, जानछु र ढोकाविषे म किन ?

कविता–

अक्षर अक्षर भाँची, कनि कुथि गरि खालि छन्दमा नाची;
प्रतिभा नभये कसरी ? लेखनु कन्था अगाडि सरी ।

कवि–

लेखनशैली मेरी, प्रसादगुण-शालिनी हेरी;
बालक पनि छन दङ्ग, थियो कि यो व्यासमा ढङ्ग ?

कविता–

खतिदिनु दिन दिन कन्था, ग्रामीण भ्रष्ट बोलिको पन्था;
बुझ्दछ पलटन सारा, चलदछ अनि बिक्रिको धारा।

कवि–

अपठित जङ्गलिलाई, समझन सजिला किताब फैलाई;
हुनुपरने यश मात्र, किन अपयशको भन्ने पात्र ?

कविता–

छेऊ न टुप्पो पारी, कविता-सौन्दर्य बेसरी मारी;
गरि उल्था खालि कथा, नभननु 'कवि हुँ' भनेर वृथा।

कवि–

गरुँला उन्नति भारी, तिमीकन सर्वाङ्ग– सुन्दरी पारी;
भनने यो अभिलाषा, पेचि कुराले भयो नाश।

कविता–

यस्ता स्तन भनी लेखी, वर्णन गर ती कुरा पढे देखी;
शिक्षित हुनछ समाज, पचदछ मनको सबै लाज।

कवि–

व्यासजिका पनि देख, अनेक भृंगारका लेख;
त्यसै गुड्डि नहाँक, छोपनु परला वृथा नाक।

कविता–

व्यासजिका लेख जति, हेरी हेरी सफा गराइ मति;
पायेछौ खुब सार भँडुवा ग्रामीण भृंगार।

कवि–

हितकारी जो छ खडा, गरनु उसैका समीपमा झगडा;
होला अनि सब जाति, भृङ्गारियौली भलिभाँती।

कविता–

जसले लेखन शैली, बिगारनाले भन्ने अति मैली;
उहि मेरो हितकारी !! धन्य महात्मा दयाधारी !!!

कवि–

झिकिकन संस्कृत– नेल, गराइ भाषा विषे ठूलो मेल;
खेलाउने जसलाई, शत्रु उसैको भन्ने अरे !!! हाई ।

कविता–

झिकिकन संस्कृत– सारी, मर्यादा अङ्ग अङ्गको मारी;
न नचाये उदर– दरी, भरीभराऊ हुने कसरी ?

कवि–

भाषामा उपदेश, लेखिदिनाले स्वयं बुढो देश;
लिन सक्दछ शुभ शिक्षा, मागनु परदैन काहिँ गै शिक्षा ।

कविता–

गर झगडा सब माफ, बल्ल सुनायौ मिठा कुरा साफ;
देश सुधारन भाषा, कुञ्जि छ यो कालमा खासा ।

कवि–

भाषाका गुणधारा; मालुम मनमा छँदा छँदै सारा;
किन हो यतिनजेल, थापिरहेकी ठूलो झेल ?

कविता–

भट्टा अवनतिकारी, रसियाजस्ता किताबका भारी;
दिन दिन बढ्ता देखि अघोर मनमा उठ्यो शेखी ।

कवि–

शिक्षा विचारशाली, लेखनु मिहिनेत मात्र हो खाली,
गरदछ को रुचि यसमा, छन सब बोके कथारसमा ।

कविता–

रसिला नैतिक बात, लेखन उठ्दैन आफनै हात ?
भन बरु छ भने होस् किन दिनु अरूमा वृथा दोष ?

कवि–

उपयोगी परिपाटी, लियेर कन्था कटाकटी काटी;
लेखनु यो कठिन कुरा, छन सब त्यस्ता कहाँ चतुरा ?

कविता–

उपकारी मर्मज्ञ, विचारवाला गुणी महाप्रज्ञ;
भाषामा छैन कुनै, यो त बताञ्ने स्वयं अघि नै।

कवि–

अघिका सत्कवि जस्ता, मिलछन् कविजी कहाँ सस्ता;
तर तिमी हार नखाऊ, स्थिर गर भाषाविषे पाउ।

कविता–

होला शिक्षित देश, भनेर भाषाविषे सहैं क्लेश;
कविको पुगेन ढङ्ग, उल्टा मेरो टुटे अङ्ग।

कवि–

दर्द बुझैं चुपचाप, बस तिमी मनमा न लेऊ सन्ताप;
आफनु जीवनसम्म, सुधार गरूँला सकेसम्म।

कविता–

अघितिर पुच्छर घुसारी, कविता प्रत्यक्ष लोकमा पारी;
गंकनछौ तिमी यसरी, सुधार होला हरे ! कसरी;

कवि–

गुणवति ! सुन अबदेखि, गन्थन कन्था बिकामका लेखी;
गरने छैन दिमाक, पक्का यो चित्तमा राख।

कविता–

बेस भन्यौ अबदेखि, विचारशाली मिठा कुरा लेखी;
मेरो गरनु सुधार, शिरमा तिमी बोक यो भार।

कवि–

पहिले अलि अलि हाँसी, नुहिकन पछि बेसरी छाँसी;
अर्ति दियौ हितकारी, नपाइ शकना ठूला भारी।

कविता–

बढिया हो यो वचन, तिमीसित शिवजी सदा खुसी रहुन;
बन्द गरौँ सब बात, सुत अब धेरै गयो रात।

प्रार्थना

खुसिसित बसि मेरो लेख यो हेरि साफ
गुण जति लिनु होला दोषमा पाउँ माफ।
भनि नुहिकन सारा मित्रमा प्रीतिसाथ
गरदछु कर जोडी प्रार्थना 'लेखनाथ' ॥

वि. सं. १९६९ लालित्यबाट

# २. नैतिक दृष्टान्त

बडाले जो गऱ्यो काम हुन्छ त्यो सर्व-संमत ।
छैन शङ्करको नङ्गा, मगन्ते भेष निन्दित ॥
१

गरदैन ठूलो व्यक्ति मर्यादा-स्थिति-लङ्घन ।
बसेको छ महासिन्धु सीमाबद्ध बनीकन ॥
२

दबिन्छ गुणिको दोष गुणका राशिमा परी ।
रश्मिले चन्द्रको दाग दबाएकै छ बेसरी ।
३

कसैको लोकमा छैन एकैनास समुन्नति ।
अरूको के कुरा हेर सन्ध्यामा सूर्यको गति ॥
४

छोटो बढ्यो भने ज्यादा फूर्ति ढाँचा बढाउँछ ।
उर्लंदो खहरे हेर कत्तिको गड्गडाउँछ ॥
५

ज्यादा सोझो हुनूभन्दा टेढिनु छ फलाऽधिक ।
गरदैन कुनै सोझो ग्रहको पूजनाऽऽदिक ॥
६

टपर्टुऱ्या पनि हुन्छ मूर्खमध्ये प्रतिष्ठित ।
बोलने को अँध्यारोमा महाऽऽत्मा जुन्किरीसित ॥
७

सानैदेखि छुचो हुन्छ दुष्ट मानिसको मति ।
घोचने जङ्गली काँढा पहिले नै तिखा कति ॥

८

मिलेर काम गर्नाले हुन्छ अत्यन्त फायदा ।
एकता हेर कस्तो छ मौरीको महमा सदा ॥

९

जो दिँदैन उही दिन्छु भनी गर्जन्छ सत्त्वर ।
जो हो नवर्षने मेघ उसैको हुन्छ घर्घर ॥

१०

हुनुपर्दछ मौकामा शत्रुको पनि सेवक ।
कोइली कागकै बच्चा बन्छ सानू छँदा तक ॥

११

गुणग्राही जहाँ छैन वहाँ के गरला गुणी ।
कौडीमा तक मिल्किन्छ भिल्लका देशमा मणि ॥

१२

योग्य स्थानविषे मान सानाले पनि पाउँछ ।
कृष्णाका तटको ढुङ्गा देवता कहलाउँछ ॥

१३

उपकारी गुणी व्यक्ति निहुरन्छ निरन्तर ।
फलेको वृक्षको हाँगो नझुकेको कहाँ छ र ॥

१४

मेटिँदैन कसैबाट आफनू कर्मपद्धति ।
बनवासी बने राम चौधै भुवनका पति ॥

१५

धर्म हो धीरको धैर्य राखनू दुःखजालमा ।
मानू मौनव्रती हुन्छ कोइली शीतकालमा ॥

१६

सारा सार लिई कन्था छोडी-दिन्छ गुणी जन ।
रस चुसेपछि भृङ्ग फूलमा भुल्दथ्यो किन ?

१७

सङ्गले पनि जाँदैन दुष्टको दुष्टता रिस ।
श्रीखण्डमा बसी सर्प कहाँ हुन्थ्यो र निर्विष ॥

१८

मूर्खका मनमा अर्ती गालीतुल्य बिझाउँछ ।
दूधपान गरी सर्प खालि विष बहाउँछ ॥

१९

वि. सं. १९७४ गोरखाशिक्षाको तेस्रो पुस्तकबाट

# ३. वसन्त कोकिल

भरी लता वृक्ष विषे टनाटन
नवीन लाखौं फूल पालुवाकन ।
वसन्त आयो कलकण्ठको अब
सुनिन्छ साह्रै कल कण्ठ-गौरव ॥
१

अगाडि जो दीन बनी लुकीकन
बिताउँथ्यो केवल दुःखमा दिन ।
अहो !! उही कोकिल हेर आज यो
प्रमोदले पूर्ण महासुखी भयो ॥
२

बसी बगैंचा-बिच मोजमा परी
नयाँ कलीला सहकारमञ्जरी ।
चपाउँदै मस्त भएर बेसरी
कुहूकुहू गर्दछ त्यो घरीघरी ॥
३

चलीरहेको छ सिरी सिरी हवा
फुलीरहेछन् सब मञ्जु पालुवा ।
जता दियो दृष्टि उतै खुसी मन
प्रमोदले पूर्ण नहोस त्यो किन ?॥
४

समीरले पुष्प परागको झरी
लगाउँदा त्यो रसरङ्गमा परी
झुलीरहेको छ शरीर बेसरी
मुछेर तेही रजमा घरीघरी ॥

५

पिएर साऽऽनन्द रसालको रस
घुमाउँदै नेत्र दुवै मदाऽलस
सहर्ष खोलौं सुरिलो गलाकन
घनक्क घन्काउँछ त्यो सबै वन ॥

६

घरीघरी भुर्र उडी अलीकति
घुमेर शाखान्तरमा यताउति ।
बडो बहाडी रसिकै बनी तहाँ
ढलीमली गर्दछ पालुवामहाँ ॥

७

चुचो ठड्याईकन चट्ट मञ्जरी
ठुँगेर च्यापीकन देखिने गरी ।
फरक्क फर्कन्छ घरी पछिल्तिर
प्रसन्नता-साथ लतारि पुच्छर ॥

८

न शीत-बाधा, न त घामको डर
न बाग नङ्गा, न त वृष्टिको पिर ।
वसन्तका गौरवले गरीकन
खुसी छ साह्रै कलकण्ठको मन ॥

९

वि. सं. १९७४

गोरखाशिक्षाको तेस्रो पुस्तकबाट

# ४. जीवन-चङ्गा

कछुवाले अङ्गसरी खुम्च्याई बाह्य वृत्तिका तार।
भित्र अलकति हेर्दा अर्कै रसिलो चमत्कार ॥
१

दुर्गम भै उर्लेकी तलतिर समतुल्य मोहकी गङ्गा।
फरफर गर्छ उपर यो जीवनमय पातलो चङ्गा ॥
२

ममतासहित अहन्ता ग्रन्थि परेका बडा रम्य।
सुखदु:खका कका छन् खूब मिलेका दुवै टम्म ॥
३

मनमय घुम्छ लटाइ फनफन फन्का पलापला मारी।
अतिशय दुर्लभ तर त्यो रसिक लटाई लिने चमत्कारी ॥
४

सङ्कल्पको छ धागो छुटी रहेको लगातार।
गर्दछ जसका भरमा जीवन-चङ्गा विचित्र संचार ॥
५

त्यो मसिना धागामा खिरिलोपन ल्याउने ताजा।
घसिएको बहुत सफा विवेक, बुद्धिको माजा ॥
६

चङ्गाको मुखचाहिँ प्रवृत्तिमय रङ्गले लाल।
अलिअलि कालो आशा-पुच्छर, उसको छ चलबले चाल ॥
७

वैषम्य भै ककामा अलिकति गतिमा घुस्यो भने दोष ।
ग्वाँख मिलाउनलाई संयम, सुविचार, शान्ति, सन्तोष ॥

८

यस्तो अद्भुत चङ्गा तयार पारी बडो चमत्कारी ।
नभमा कौतुक गर्ने कुन होला धीर अविकारी ?

९

जतिजति गडेर हेर्छु यस चङ्गाको विचित्र संचार ।
उतिउति शून्य गगनमा विलिन हुन्छु न देखदा पार ॥

१०

कहिले नीलो दहमा सफारी माछो सरी भरी ।
लीला गर्छ गगनमा चक्कर लाखौं थरी मारी ॥

११

कहिले प्रेम हावामा सररर अक्कासिँदै जान्छ ।
कहिले फरक्क फरकी तम तल कौंठी पनी खान्छ ।

१२

कहिले भुजङ्गजस्तै सुलुलुलु बग्दै बटारिन्छ ।
कहिले विधिवश बिचमा अरूअरूसँग बेसी लठारिन्छ ॥

१३

कहिले पुगेर माथि सोफै बहँदै शनैः शनैः सल्ल ।
निश्चल टक्कर मारी अडिन्छ बँउडाइ-बोहरी-तुल्य ॥

१४

जलचर नभचर सबका सुन्दर लाखौं थरी चाल ।
देखिन्छन् यही हाम्रो जीवन-चङ्गा विषे सदाकाल ॥

१५

अक्काशिएर ज्यादा माथि जाँदा हराउने भय छ ।
तल गङ्गा-लहरीले लपक्क पार्ने विछट्ट संशय छ ॥

१६

शीतल सरसर बहने बीच गगनको सफा हावा ।
जति पायो उति यसले खान्छ गजब चालले कावा ॥
१७

कहिलेदेखि उडेथ्यो ? अब उड्ने हो कति बेर ।
आखिर चङ्गा ठहऱ्यो चुँडिनालाई छ के बेर ?
१८

जति दिन यो उड्ने हो उति दिन उडन्यै छ बीचमा नअडी ।
तर त्यो देखिनुपरने अद्‌भुत चङ्गा उडाउने लहडी ॥
१९

जय जगदीश्वर ! देखें विश्वव्यापी प्रकाश त्यो खास ।
सूक्ष्म लटाईभित्रै रहेछ प्रभुको निवास वा भास ॥
२०

वि. सं. १९९२ — शारदा वर्ष १ सङ्ख्या २ बाट

# ५. गौँथलीको चिरिबिरी (१)

म बस्ने कोठाकै दलिन–बिचमा गौंथली बस्यो
पिटाएको तन्नाउपर फिर मैला पनि खस्यो।
मलाई त्यो देखी हृदयबिच लाग्यो किरकिरी
चरी बोल्यो मेरो मन सब बुझी त्यो चिरिबिरी॥
१

अहो !! त्यस्ता ताता नजर अति राता विष सरी
तरी तात्यौ बाबा ! किन मनमनै त्यो रिस गरी।
तिमी धर्मात्मा छौ घरबिच म छू आज अतिथि
तिथी माघे औंसी शहरभर भूकम्प–फजिती॥
२

जहाँ बस्थ्यौं हामी भवन उहि पातालमय भो
चल्यो भारी हा हा नसहिसकनू नै प्रलय भो।
कहाँ पाऊँ ठाडो घर, कसरि ओतौं शिर भनी
दुवै भाले–पोथी फनफन घुम्यौं व्याकुल बनी॥
३

बिरालोको फेरि अधम चिलको, काग शठको
शिकारी बोहोरी, कुकुरहरुका दुष्ट हठको।
परी शङ्का भारी सबतिर बिचारी डुलिडुली
निराशामा रुन्थैं अघि अघचिलो ठाम नमिली॥
४

यहाँ तिम्रो सानू घरमहल वा रामझुपडी
खडा देखी राम्रो गगन-बिच खेल्दै लडिबुडी।
पसेको हूँ बाबा! अलि दिन बसूँला कि म भनी
प्रियाको आगामी प्रसव दिनको उत्सव गनी॥

५

तिमी भन्छौ मेरो सकल घर यो खास यसमा
चरी घुस्यो सानू कुन चिरबिरे रङ्गरसमा।
म भन्छू हे बाबा! घरमहल मेरो छ नभन
पलामा घर्केका घरउपर दौडाउ नयन॥

६

निमेषैमा भत्की घरररर गरी घर्र त्यसरी
ढली ज्यानै हर्ने घर छ डरको दीर्घ भुमरी।
विधाताको भित्रै मधुर करुणाको रस परी
परेनौं तै हामी विकट भुमरीमा अरु सरी॥

७

तिमी जान्ने सुन्ने मनुज चतुरा, हामी बिचरा
चरा साह्रै साना अबुझ वनका केवल किरा।
तथापी श्रद्धाले झुकि विनति गर्छु म सरस
वृथा मेरो भन्ने जटिल ममता-ग्रन्थि नकस॥

८

खुला पारी राम्रो सँग नयनको भित्र नयन
बिचारी यी सारा गृह-विभवको चञ्चलपन।
दयालू भै रोऊ मिलिजुलि सबै बान्धवसित
भलो होला जाऊ, रिस नगर रन्केर मसित।

९

कुनै पल्टेका छन् मलिन मुख लाई रुखमनि
कुनै रुन्छन् बाटो-बिच नमिलि सानू रुख पनि।

कुनै भोका शोकाऽऽकुल मरिरहेछन् नगरमा
हरे ! तिम्रो यस्तो कुन तुजुक यो तुच्छ घरमा ॥
१०

त्यहाँ त्यो शय्यामा गर तिमि खुशीसाथ शयन
यहाँ यो डन्डीमा बसिबसि म चिम्लन्छु नयन ।
अरू सेरोफेरो सब मुफत मेरो छ नभन
अघी मेरो भन्ने। कतिकति गए ती सब गन ॥
११

उघारी त्यो भारी मधुर करुणा-द्वार मनको
गरी रक्षा सारा विकल बिचरा दीन जनको ।
यता विश्व-प्रेमी बन, मनुज चोला सफल होस्
उता स्वर्गद्वारा क्षणभर पनी बन्द नरहोस् ॥
१२

तिमीभन्दा लाखौं गुन अरु धनी मानिस पनि
डुलेका छन् बाबा ! फगत भिखमङ्गासरि बनी ।
विधाताको सारा अघट घटना सम्झ मनमा
सबै मेरो मेरो भनि नभुल यो मोह–वनमा ॥
१३

कदाचित् यो तिम्रो भवन चकनाचूर पहिले
हुँदो हो ता हुन्थ्यो कसरि किन यो भेट अहिले ।
दया राख्यो भारी सदय विधिले सङ्गत भयो
सुन्यौ मेरो सानू चिरिबिरि, सबै पाठ पढ यो ॥
१४

कसै सक्तैनौ यो यदि तिमि भने घच्च सहन
मलाई द्यौ बाबा ! फगत अब यो रात रहन ।
म भोली नै जान्छू नृपतिसँग भूकम्प कहन
पखेटा छन् सक्छू अरु त नभमा सर्र बहन ॥
१५

गरी यस्तो राम्रो चिरिबिरि चरी त्यो चुप भयो
भनें मैले भैगो तँ बसि कुह्रि दे गैह्र घर यो।
पखेटा पैंचो दे बरु म पछि आएर तिरुँला
दयाधारी राजासित सकल मै विन्ति गरुँला।

१६

वि. सं. १९९२ शारदा वर्ष १ सङ्ख्या ७ बाट

# ६. सत्य सन्देशहरू

कालो मन्दाकिनीको जलजल, निधिको मोतिको जोति कालो,
कालो सौदामिनीको चहक, सब शरच्चन्द्रको कान्ति कालो ।
कैलाश–श्रेणि कालो, झलमल गरने सूर्यको बिम्ब कालो
यो सारा सृष्टि कालो, मनबिच छ भने दम्भ दुर्भाव कालो ॥

X

थोत्रो पाटी उज्यालो, मलिन तृणकुटी, कन्दरा झन् उज्यालो
भिक्षा भारी उज्यालो, अझ धन वनको शागशिस्नू उज्यालो ।
फ्याङ्लो गुन्द्री उज्यालो, वरपर घुमदा जीर्ण कन्था उज्यालो
तृष्णाको तुच्छ जालो मनबिच नभएर जो मिल्यो सो उज्यालो ॥

X

भर्दाभर्दै हजारौं विषय–सुख–घडा देह लम्तन्न पर्दा
झर्दा सम्पूर्ण सेखी, तुजुक, पवनले निस्कने जोड गर्दा ।
सर्दा आपस्त डर्दै परपर, धमिलो नाचको अन्त्य पर्दा
गिर्दामा साथ जाने कुन कुन चिज हुन् ? सम्झ ती काम गर्दा ॥

X

विद्याको, वयको र बुद्धि, बलको, सौन्दर्यको, मानको
प्रज्ञाको, कुल–जातिको, इलमको ऐश्वर्यको ज्ञानको ।
तातो ग्यास मनुष्यका मगजको सम्पूर्ण उत्री दिए
पृथ्वीमा सब देवता घरघरै आएर खेल्ने थिए ॥

वि. सं. १९९५ शारदा वर्ष ४ सङ्ख्या ३,४,५ र १२ बाट

मत्ता हात्ती हलुङ्गो, वितत जलधिको ह्वेल माछो हलुङ्गो
जङ्गी बेडा हलुङ्गो, विकट कटकटे रेलगाडी हलुङ्गो ।
शैलश्रेणी हलुङ्गो, पृथुतम पृथिवी–गोल सारा हलुङ्गो
यो ब्रह्माण्डै हलुङ्गो, जब सब मनको तिर्सना लाग्छ टुङ्गो ॥

वि. सं. १९९९ **शारदा वर्ष ८ सङ्ख्या ३ बाट**

दोषी माता-पिताका वचन, गुरुजनाऽऽदेश निःशेष दोषी
सत्त्याऽऽत्मा मित्र दोषी, गृह-परिजनको चाल देखिन्छ दोषी ।
पत्नीको प्रेम दोषी, अमृतमय मिठा वेदका वाक्य दोषी
यो सारा सृष्टि दोषी, विधि-वश छ भने आफ्नू दृष्टि दोषी ॥

वि. सं. २००० **शारदा वर्ष ९ सङ्ख्या ६ बाट**

# ७. विज्ञानको मोह

सानू विज्ञान पैले जुन उदित हुँदा साहसी मर्त्यजाति
गर्थ्यो छाती फुलाई पलपल सुखका कल्पना भाँतिभाँति ।
सोही उन्मत्त भस्माऽसुर बनि अहिले बाहु लम्बा पसारी
पीछा गर्दो छ दौडी विकट मुख लिई सर्वसंहारकारी ॥
१

जस्को निःसार बोक्रो चहलपहल वा रङ्गमा दङ्ग मानी
भुल्दामा पेट-पूजा विधि विकट बन्यो भार भो जिन्दगानी ।
उस्कै आराधनामा अझ किन यसरी मर्छ यो मर्त्यजाति
कस्तो विश्वास, भक्ति, प्रणय शिव ! हरे ! तुच्छ विज्ञानमाथि ॥
२

चाहे विज्ञान पैले त्रिभुवनभरको सार सारा उतारोस्
चाहे आकाशमाथी किसिमकिसिमको सृष्टि-शोभा फिँजारोस् ।
त्यो त्यस्को तुच्छ बोक्रे चटकमटक हो भित्र अर्कै छ चर्को
झर्को लाग्दो अशान्ति-ज्वरमय सरुवा व्याधिको दीर्घ धर्को ॥
३

यो विद्याले सबैको हृदयबिच ठूलो उन्नति-भ्रान्ति पारी
दैवी सम्पत्ति, मैत्री, शम दम, करुणा, शान्ति, सन्तोष मारी ।
खित्का छोडेर गर्दा जटिल जहरिलो ग्याँसको अट्टहास
को हेर्ने शास फेरी उस बखत कठै !! सृष्टिको सर्वनाश ॥
४

यै छोटो जिन्दगीमा अमृत पद दिने विश्वकल्याणकारी
उस्तो अध्यात्म-विद्या-विषयक महिमा मोहले दूर सारी ।
फोस्रो विज्ञानमाथी जतिजति गहिरो गर्दछौँ प्रेम हामी
रुन्छिन् सम्पूर्ण पृथ्वी उतिउति डरले थर्थराएर कामी ॥
५

वि.सं. १९९५ **शारदा वर्ष ४ सङ्ख्या ६, ७ बाट**

# ८. पतित-पावनी श्री गङ्गाजीको झाँकी

ठाडै कैलाशदेखी
    द्रुततर गतिले गड्‌गडाएर झर्दी
झर्दा श्रीशङ्करैको
    गल-गलित ठुलो सर्पझैं सल्ल पर्दी ।
लाखौं चट्टान चिर्दी
    विकट गिरिशिला-कन्दरा चूर्ण गर्दी ।
बन्दै नाची दगुर्दी,
    श्रवण-विवरमा नित्य संगीत भर्दी ।

१

आमा ! भन्दै झरेका
    सकल गिरिनदी काखमा टप्प धर्दी
छर्दी पीयूष जस्ता
    जलकण लहरी-हस्तले, मस्त पर्दी ।
कालो बर्दी-सरीको
    कलिमल मनको ध्वस्त पारेर हर्दी
गङ्गामा भुक्ति-मुक्ति
    दुइ दिदि-बहिनी नित्य खेल्छन् कपर्दी ।

२

वि.सं. १९९८ शारदा वर्ष ७ सङ्ख्या ६ बाट

# ९. वंशीधरको दिव्य वंशी

सारा भौतिकवृन्दरूप जड यो विस्तीर्ण वृन्दावन
घन्काएर घनक्क, भित्र उसमा भर्दै नयाँ जीवन ।
हे वंशीधर, ! विश्वमोहन ! परा वाग्रूपिणी बाँसुरी
फुक्छौ नित्य नयाँ नयाँ सुर झिकी व्यामोह-वर्षा गरी ॥

१

त्यो चर्को सुरबाट जागृत बनी तिम्रो गरी खोजनी
घुम्ने रासविलासको रहरमा धीवृत्ति छन् गोपिनी ।
साथै छौ; तर लुक्नमा चतुर छौ, हाँसी रहन्छौ लुकी
त्यै तिम्रो रस-रङ्गमा छ रसिलो यो सृष्टिको चक्चकी ॥

२

वि.सं. १९९९ शारदा वर्ष ८ सङ्ख्या ८ बाट

# १०. युगवाणी

प्रिय नेपाली शूरवीर हो, नवयुगको यो संक्रान्ति-
समय छ, यसमा नचढोस् तिमिमा फूट-वैरको भ्रान्ति !
एकै तन भै एकै मन भै देश-कालको गति जानी
बढ्दै जाऊ, चढ्दै जाऊ, भन्दछ यो युगवाणी ॥
१
तोडचौ हुकुमी साङ्ला, फाल्यौ फ्याङ्ला खड्गनिशाना
ऱ्याङ्ला काटचौ सब मर्जीका, बदल्यौ स्थिति र जमाना ।
अब तिमी नै छौ सेवक, तिमि नै मालिक, यो पहिचानी
लाग निरन्तर देशोन्नतिमा भन्दछ यो युगवाणी ॥
२
दु:शासनले केश खिचेकी द्रुपदकुमारी जस्ती
दु:ख दर्दको विकट दल्दलमा बिचरी पलपल फस्ती ।
जन्मभूमिका सुनीनसक्ना लम्बा करुण कहानी
सुन्दै जाऊ, गुन्दै जाऊ भन्दछ यो युगवाणी ॥
३
गर्नैपर्दछ अब तिमि सबले नव राष्ट्रको निर्माण
यसमा तिलभर नहट पछाडी, चाहे जाओस् प्राण ।
वीर देशका वीर तिमी छौ वीरव्रतका अभिमानी
नझुकोस् तिम्रो वीरपताका, भन्दछ यो युगवाणी ॥
४

हिमगिरितटका सब बासिन्दा तिमी दुनियाँ छौ कोटि
एकमती भै हात बढाऊ कर्तव्यमा दुई कोटि ।
फुट्टाफुट्टै दूर देशमा कुल्लीगिरि वा दरबानी
गर्दा गर्दै जनम नजाओस्, भन्दछ यो युगवाणी ॥

५

जुन तागतले एक शताब्दीतक सब यो नेपाल
रगत सुकाई जर्जर नंगा पाऱ्यो नरकंकाल ।
उसको छाया छाप उडाऊ नगरी आनाकानी
भर अब अर्कै दिव्य जवानी, भन्दछ यो युगवाणी ॥

६

भरखर जननी जन्मभूमिका तोड्यौ साङ्ला सिक्री
औषदको नै पहिले इनको गर्नुपर्द छ बिक्री ।
यस मौकामा केही नसोची पछिको लाभ र हानि
किन खलबलिने ? किन अलमलिने ? भन्दछ यो युगवाणी ॥

७

राजा रैती एक मतो भै ल्याएथ्यौ त्यो क्रान्ति
अब सब बदली क्रान्ति-लहर ती ल्याउनुपर्दछ शान्ति ।
त्यसका लागि बारिक मनले छानी दूध र पानी
कर्मयोगमा बन सहयोगी, भन्दछ यो युगवाणी ॥

८

अडबेखडबे डाँडाकाँडा तोडीफोडी सारा
संथल पारी उसमा झारी झर्नाका जलधारा ।
पार सबैतिर लहलह खेती, सुक्न नपाओस् पानी
मुलुकै सुखमय बन्दछ त्यसले, भन्दछ यो युगवाणी ॥

९

पूर्व र पश्चिम उत्तर दक्षिण रस्ता निस्कून् खासा
रेल र मोटर तिनमा दौडून्, बस्नू नपरोस् बासा ।

घरघर बिजुली, कल, कार्खाना, कपडा अन्न र पानी
इच्छा माफिक सबले पाऊन्, भन्दछ यो युगवाणी ॥

१०

ग्रामैपिच्छे शिक्षा पाऊन् लाखन बालबाला
कुनै कुनामा घुस्न नपाओस् गरिबीपनको ज्वाला ।
सबका घरघर डबल होस् व्ययभन्दा आम्दानी
धर्म सनातन तब पो रहला, भन्दछ यो युगवाणी ॥

११

उच्च हिमाचल सेती गाई, तल उपपर्वत-माला
थूनसरी छन् दूध-बराबर रत्न अनेक उज्याला ।
दुहुनैपर्दछ ती सब तिमीले किसिमकिसिमका खानी
तब पो रहला तिम्रो पानी, भन्दछ यो युगवाणी ॥

१२

अहिले अग्ला दश-आठोटा रङ्गमहलमा खाली
चहलपहलका साथ निरन्तर खेल्दछ जो खुसियाली ।
त्यो सब फुप्राफुप्राहरूमा ल्याउनुपर्दछ तानी
नत्र भयो के ? दु:ख गयो के ? भन्दछ यो युगवाणी ॥

१३

वि.सं. २००७ युगवाणी वर्ष ४ अङ्क ४२–४३ बाट

# ११. वर्षा

झं झं झं झं पानी बर्स्यो अब वर्षा ऋतु आयो ।
विश्वशान्तिको खातिर बढ्दो क्रान्तिवीरझैं घनघोर
गर्जन गर्दै घन-मण्डल त्यो नभमा सबतिर छायो ॥ झं झं ...

लपलप गर्दो असिधाराझैं चमचम बिजुली उसमा
सुषमा भर्छे, त्यसले सबको खुसियाली मुसुकायो ॥ झं झं ...

उस ज्वालाले सुकी सकेका तृण, तरु, लहरा सारा
लहलह गर्दै उठे पल्हाये, हरियाली लहरायो ॥ झं झं ...

खलखल खोला, छरर छहरा टिलबिल टिलबिल सरिता
धनरस-भरिता धरणी रसिली त्यो सब ताप विलायो ॥ झं झं ...

धुलो धमिलो हालि नयनमा, दुनियाँ अन्धो पारी
भतभत पोल्ने उष्ण पवनले शीतलता अपनायो ॥ झं झं ...

घनरव सुन्दै नाचिरहेछन् मदले मत्त-मयूर
मनमन भन्दछ कोकिल कसले युगपरिवर्तन ल्यायो ॥ झं झं ...

वि.सं. २००९ भारती वर्ष ४ अङ्क १ बाट

# १२. सरस्वती स्मृति

मिही प्राणै वीणा, मन मृदुनखी, कम्प कलना;
गरी लाखौं झिक्ती स्वर-मधुरिमा स्मेरवदना
रसीलो फक्रेको हृदय-कमलै आसन गरी
बसेकी वाग्देवी क्षणभर नबिर्सूं जुनिभरी ॥

१

सफा वर्णाऽऽकार स्फटिकमय मालाकन धरी
जगत्मा तद्द्वारा व्यवहृति-कला शीतल गरी ।
सदा भर्दै हाम्रो हृदयबिच आलोक-लहरी
बसेकी वाग्देवी क्षणभर नबिर्सूं जुनिभरी ॥

२

सुनेको, देखेको, अनुभव गरेको जति कुरा
कुनै आधा मात्रा तक नछोडी सब पुरा ।
छपाई-राखेको स्मृतिमय महापुस्तक धरी
बसेकी वाग्देवी क्षणभर नबिर्सूं जुनिभरी ॥

३

यही हाम्रो भित्री हृदयमय गम्भीर सरमा
डुबी उत्री खेल्दो, चपल, चटकी हंसवरभा ।
चढी लीला साथै भुवन महिमा जीवित गरी
बसेकी वाग्देवी क्षणभर नबिर्सूं जुनिभरी ॥

४

जगद्व्यापी मेरो अति मधुर यो जीवन-कला
बुझ्यो जस्ले उस्को कसरि भय अज्ञान रहला ।
भनी सामुन्नेमा वर अभय मुद्राकन धरी
बसेकी वाग्देवी क्षणभर नबिर्सूं जुनिभरी ॥

५

वि.सं. २०१० लालित्य भाग १ बाट

# १३. साहित्यको फुटबल

भाषाको छ विशाल चौर जसमा गर्दै ठुलो तर्खर
भै कोही फरवार्ड, रेफरि कुनै ब्याकिङ् र गोल्कीपर ।
खेल्दै छौं फुटबाल बालक सबै साहित्यको बेसरी
हावा छैन परन्तु भित्र उसमा गुड्दैन केही गरी ॥

१

खेल्नै हो अब खेल यो यदि भने चाँडो अगाडी सरी
ल्याऊँ शुद्ध विचार-पम्प, उसमा जोडौं र त्यो सुस्तरी ।
हावा जागृतिको क्रमैसित भरौं सर्वत्र त्यो टन्न होस्
भर्दा जोड परेर किन्तु पहिल्यै टुट्ने र फुट्ने नहोस् ॥

२

त्यो घात-प्रतिघात-चङ्क्रमणको चातुर्य-सौदामिनी
लड्नासाथ उठेर चक्कर लिंदै घुम्दै रहोस् फन्फनी ।
खेल्छौं हामि जती उती चटपटे उस्को नयाँ रङ्ग होस्
सारा दर्शक वर्ग मस्त सुरमा ताली पिटी दङ्ग होस् ॥

३

वि.सं. २०१०　　　　लालित्य भाग १ बाट

# १४. हाम्रो इन्द्रेनी

पर्वत नगिचै त्यो जलतटमा सात रङ्गको सुरिलो आकार
कर्के कर्के गरी उठेको छविको अद्‌भुत मुस्लो उसपार
देख्नासाथै लोचन खिचिये, कौतुकिताका उरमा छाल
उर्लन थाले, साथै मनमा रङ्ग रङ्गका उठे सवाल !

उही कुनाको बादल फुस्रो, उही पखेरो, उही खोला
त्यसमा त्यस्तो छविको लट्ठी कसले कहिले टाँग्यो होला ?
के सुरकुँवरी त्यस लट्ठीको पीङ बनाई चहचह गर्छन् ?
अथवा चटकी साँझ त्यो हो जसले ती स्वर्गङ्गा तर्छन् ?

अमर कुसुमका रसले रञ्जित सात किसिमका छविधारी
कामधनुषको छाया हो वा विरहीको जीवन हारी ।
त्यस्तो धनुले मदन कुसुमका कति तीखा शर हान्दो होला
जसले गर्दा पलपल चल्छन् विरहीका मुटुका सोला !

अथवा त्यो हो दिगङ्गनाका कण्ठस्थलको मञ्जुलमाला
भर्दछ जसले नव जलधरमा प्रणय-सुधा-रसको प्याला
झलमल त्यस्तो अद्‌भुत छविको हार गाँथने सुरकन्या
कुन कुन होलान् शून्य गगनमा शिल्पकलामा चतुरी धन्या ?

रतिमन्मथका केलिभवनको यही द्युतिमय तोरन हो
अथवा अमीरहरूकै शिरको चुनरीरङ्गी रीवन हो ।
'मुनामदन' की उही मुनाको सुन्दरताको नमुना हो कि ?
जसले हाम्रा प्रिय कविजीमा सुन्दरताको छापा ठोकी !

यो सब गन्दा गन्दै दिलमा अर्कै अद्भुत छाया भास्यो
त्यस छायाको रूप अँगाली मेरो दिल झन् झन् हाँस्यो ।
हृदय गगनमा सबको देख्यो आशाको नानारङ्गी
इन्द्रेनीको क्षणिक उज्यालो उठदो छिपदो रङ्गीचङ्गी !!

वि.सं. २०१३ इन्द्रेनी वर्ष १ अङ्क ५ बाट

# १५. पूर्वस्मृति

हे मेरो प्रिय बन्धु ! आज तिमिले जो लेखका खातिर
लेख्यौ साऽऽदर पत्र, त्यो सब पढें केही झुकाई शिर ।
ठेगानातिर हेरदा नयनमा देखा पऱ्यो 'पोखरा'
जो देख्दा मनमा मिहीं स्मरणका लाखौं फुटे आँकुरा ॥
१

पैह्ला अङ्कुरमा हिमाल हँसिलो अग्लो अगाडी सऱ्यो-
साथै पर्वत-शृङ्खला विपुल त्यो चौतर्फि देखा पऱ्यो ।
लंबा संथर फाँट तालहरुको झल्क्यो ठुलो चक्चकी
फेरी त्यो गडुवा, विजेपुर, खुदी, सेती बगेकी लुकी ॥
२

कोठे साँघु, बजारको झिलिमिली, काला उखू, सुन्तला
दोस्रो अङ्कुरमा खचाखच भये ज्यादै मिठा शीतला ।
पैसा ढाँक उखू यतातिर, उता कोरी बढी सुन्तला
त्यो संझी खुशिले रमाउँछ यहाँ अद्यापि मेरो गला ॥
३

तेस्रो अङ्कुरमा उपस्थित भयो अर्घौं तथा अर्चले
पुर्खाको जसमा थियो जस ठुलो प्रख्यात पाण्डित्यले ।
चौथोमा उभियो पवित्र खरको छानू भयेको घर
आमाको मृदु लालना सुख जहाँ लिन्थें म लोकोत्तर ॥
४

पाँचौंमा सुकुमार बाल्य वयका साथी सबै देखिये
साना पल्लव तुल्य त्यो बखतमा नाना थरी जो थिये ।
तिन्का साथ डुलेर काफल, तिँदू, ऐसेलु, चुत्रो 'सब'
टिप्ता जो पुरुषार्थ- गर्व मनमा चढ्थ्यो, कहाँ त्यो अब ॥

५

छैटौं अङ्कुरमा मिल्यो असजिलो, पाटी धुलौटो, खरी
देखाएर कडा उकुस्मुकुसमा, जर्काउँथ्यो कन्सिरी ।
त्यो आपत्ति सही सुखाखर गरी साह्रा सबै अक्षर
भाषा-श्लोक फलाक्न घोक्न मनले कस्तै गयो कम्मर ॥

६

सातौं अङ्कुरभित्र अङ्कित भये गङ्गा-गणेश-स्तुति
चण्डी कोश र कौमुदीहरु ममा भर्दै निजी संस्कृति ।
त्यो देखर भन्यो– कठै !! नवमले "जा राजधानीतिर
बेडा पार हुँदैन अध्ययनको खाली अँगाली घर" ॥

७

चर्को चक्र घुम्यो शनैः समयको, टाढा भयो अर्चले
प्यारा साथि पनि क्रमैसित सबै संसारदेखी- चले ।
देख्दा यो सब तारतम्य विधिको धर्कन्छ छाती सब
त्यो जन्मस्थलमा कठै !! म कसरी कैले पुगूँला अब ?

८

वि.सं. २०२२ वेणीबाट

# १६. आखिरी कविता

यो दु:ख भोग्ने परमेश्वरै हो ।
यो देह उस्को रहने घरै हो ॥
यो भत्कँदा दु:ख अवश्य मान्छ ।
सुटुक्क सामान लिएर जान्छ ॥

वि.सं. २०२२ | कविता वर्ष २ अङ्क २ बाट

# साझा प्रकाशनका केही कविता/काव्य

| | |
|---|---|
| अज्ञात प्रारम्भ | भीम विराग |
| अतिरिक्त अभिलेख | दिनेश अधिकारी |
| अराजक अक्षरहरू | विजय सुब्बा |
| असमर्थ श्लोक | राजव |
| एउटा अर्को बुइँगल | सं. कशघ |
| एक फूल अनेक पत्र | कृष्णहरि बराल |
| एक्लो विजेता | पुरुषोत्तम सुवेदी |
| काँडाका फूलहरू | मनु ब्राजाकी |
| केही गीत केही गजल | कालीप्रसाद रिजाल |
| घाउमा हरिभक्त कटुवाल | कणाद महर्षि |
| चिसो चूल्लो | बालकृष्ण सम |
| छुटेका यादहरू | वियोगी बुढाथोकी |
| दाजै ! कविता गाउँमै छ | भूपाल राई |
| नफुलेका फूलहरू | क्षेत्रप्रताप अधिकारी |
| नरमेध | खुमनारायण पौडेल |
| निर्माणाधीन सडक | शङ्कर थपलिया |
| पञ्चदशिका | अनु. भरतराज पन्त |
| पलकभित्र पलकबाहिर | मञ्जु काँचुली |
| पृथिवीमाथि आलेख | गोपाल पराजुली |
| प्रेमका कविता | सं. फणीन्द्र खेताला |
| मृत्यु-कविता | मञ्जुल |
| लक्ष्मी कवितासङ्ग्रह | सं. चूडामणि बन्धु |
| वीरकालीन कविता | सं. दयाराम श्रेष्ठ |
| शाकुन्तल (महाकाव्य) | लक्ष्मीप्रसाद देवकोटा |
| समसामयिक साझा कविता | सं. डा. तारानाथ शर्मा |
| साझा कविता | सं. चूडामणि बन्धु |
| हिमालचुली (सङ्कलन) | सं. ईश्वर बराल |

ISBN 99933-2-488-4

9789993324881

मुद्रक : साझा प्रकाशनको छापाखाना, पुलचोक, ललितपुर, फोन : ५५२१०२३